// स्थानीय राजपत्र

इन्द्रसरोवर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ८ मिति २०७८-०६-२७ गते

**भाग २**

# बालविवाह न्यूनिकरण सम्बन्धी रणनीति, २०७८

**गाउँ कार्यपालिका स्वीकृत मिति : २०७८।६।२२ गते**

१. पृष्ठभूमि

विवाह गर्ने दुवै व्यक्तिको उमेर बीस वर्ष उमेर पुरा नभई गरिने विवाह नै बालविवाह हो । विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ । यसका लागि प्राय सवै मुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन् । मुलुकी अपराध संहिता, २०७४ मा विवाहको लागि कानुनी उमेर २० वर्ष उमेर पुरा भएको हुनुपर्ने भनी तोकिएको छ ।

नेपालको संविधानले बालविवाहलाई पहिलो पटक बालअधिकार हनन् को बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।

बालविवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल पनि एक हो । दक्षिण एशियामा नेपाल, बंगलादेश र भारत पछि बालविवाह उच्च हुने तेश्रो स्थानमा पर्दछ । बालविवाहले बालबालिकालाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित गराउदछ । बिशेष गरी बालिकाका सन्दर्भमा बालविवाह ले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बालविवाहको कारण बालबालिकाको शारीरिक तथा मानसिक विकासमा असर पार्दछ । गाउँपालिकाका मा आएका विभिन्न सूचनाले समाजमा विद्यमान सामाजिक, सांस्कृतिक मुल्य र मान्यता तथा विगत देखि चल्दै आएको परम्पराले गर्दा दाईजो प्रथा पनि समस्याको रुपमा रहेको छ । बालविवाहले समग्र बालबालिकाको सामाजिक, मानसिक र संवेगात्मक रुपमा असर एकातिर पारेकै छ, साथै सानै उमेरमा छोरीको विवाह गर्दा दाईजो कम दिँदा हुने कारणले गर्दा बालविवाहमा न्यूनिकरणका लागि झन् समस्या थपिएको छ । जसले गर्दा बालिकाहरु थप जोखिमका साथै विभिन्न किसिमका द’र्व्यहारमा पर्ने सक्ने देखिन्छ । यस विषयलाई मध्यनजर राख्दै इन्द्रसरोवर गाउँपालिकाका  बालविवाह अन्त्य गर्ने उद्देश्यले यो रणनीति योजना तयार गरी कार्यान्वयमा ल्याएको हो ।

२. कानुनी व्यवस्था

बाल विवाहको अन्त्यका सम्बन्धमा भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय व्यवस्थाहरू निम्न छन्:

क) अन्तराष्ट्रिय व्यवस्था:

दिगो विकासका लक्ष्य

विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (:म्न्क)  को प्राप्तिका लागि एक बाधकको रूपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (

क्मन्क) (२०१६–२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समाबेश गरिएको छ ।

संयुक्त राष्ट्रसंघको साधारण सभाको प्रस्ताव

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट बालविवाह तथा जवरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरणः चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव र यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बालविवाह तथा जवरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बालविवाह विरूद्धका कार्यक्रमहरू विश्वव्यापी रूपमा उच्च प्राथमिकतामा परेका छन् ।

संयुक्त राष्ट्रसंघीय महासन्धि, घोषणा तथा कार्ययोजनामा नेपालको प्रतिवद्धता

नेपालले बालअधिकार सम्वन्धी महासन्धि, १९८९, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि, १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अर्न्तराष्ट्रिय अभिसन्धि, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय अभिसन्धि, १९६६, यातना विरूद्धको महासन्धि, १९८४ जनसंख्या र विकास सम्वन्धी अर्न्तराष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) र सार्क लगायत अर्न्तराष्ट्रिय तथा क्षेत्रीय स्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न अर्न्तराष्ट्रिय महासन्धि तथा ईच्छाधिन आलेखहरू मार्फत नागरिकको आधारभूत अधिकारहरू बिषेशतः बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुने विवाह तथा जबरजस्ती हुने विवाह सम्वन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced

Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बालविवाह विरूद्ध प्रतिवद्धता जाहेर गरेको थियो । त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बालविवाह , कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरूद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

क्षेत्रीय प्रयास

बालविवाह विरूद्धको प्रयास सार्कसँग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरूद्धको दक्षिण एशियाली पहल" (क्ब्क्ष्भ्ब्क्ः) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरूमा "बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना ( २०१५–२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia--2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बालविवाह विरूद्धमा आफना प्रयासहरू केन्द्रित गरेको छ । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बालविवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता वृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बालविवाह अन्त्य गर्नको लागि काठमाडौं आब्हान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।

ख) राष्ट्रिय व्यवस्था

नेपालको संविधान को धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बाल विवाहलाई रोक लगाएको छ । साथै बालविवाह गरे, गराएमा दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ती पाउने हकको व्यवस्था गरेको छ । मुलुकी अपराध संहिता, २०७४ ले बाल विवाहलाई विवाह सम्वन्धी कसूर मानेको छ र बालविवाह स्वतः बदर हुने उल्लेख छ । बाल बालिका सम्वन्धी ऐन,२०७५ ले बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने

कार्यलाई बालबालिका विरूद्धको कसूर मानेको छ र सो कार्य गरेमा पचहत्तर हजार रूपैया सम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुने उल्लेख गरेको छ । अर्को तर्फ प्रदेश नं ३ को प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा नै बालविवाह अन्त्य गर्ने नीति लिएको छ भने इन्द्रसरोवर गाउँपालिकाका ले पनि "स्वच्छ, स्वस्थ र आर्थिक सम्वृद्धिका लागि बालमैत्री गाउँपालिका  निर्माण हाम्रो अभियान, सबै क्षेत्रमा बालमैत्री संरचना इन्द्रसरोवर गाउँपालिका को पहिलो पहिचान" भन्ने मूल नाराका साथ इन्द्रसरोवर गाउँपालिकाका लाई बालमैत्री गाउँपालिकाका  निर्माणमा बालबालिकालाई सबै प्रकारका शोषण तथा दूर्व्यवहारबाट बचाउन तथा संरक्षण दिनका लागि एउटा साधारण मार्गदर्शनको रुपमा यो बालविवाह अन्त्य सम्वन्धी रणनीतिलाई इन्द्रसरोवर गाउँपालिकाका ले अनुमोदन गरी स्वीकार गर्दछ ।

३.वर्तमान स्थिति :

कानुनी बन्देज तथा विभिन्न सचेतनामुलक कार्यक्रमका कारण प्रदेशमा बालविवाह, प्रचलन क्रमशः कम भएको आमसञ्चारको माध्यमबाट सुन्न पाइन्छ । तर प्रदेश अन्तर्गतका जिल्लाको सबै क्षेत्र वा समुदायमा नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको छ । कतिपय अवस्थामा बालबालिकाका घटना उजागर हुँदैनन् । तर पनि संघसंस्था र समाचार माध्यमले यस्ता घटनाहरूलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् ।

बालविवाह सम्वन्धी कुनै डाटा भए राख्ने

## ४.रणनीति तर्जुमा आधार :

नेपालको संविधान, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, मुलुकी अपराधसंहिता, २०७४, बालबालिका सम्वन्धी ऐन, २०७५ कार्यान्वयन गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्नतथा यस गाउँपालिकाका लाई बालमैत्री गाउँपालिकाका  बनाउनका साथै प्रदेश नं ३ को प्रदेश र स्थानीय तहको एउटै सन्देशः बाल विवाहमुक्त हाम्रो प्रदेश भन्ने मूल नाराका साथ वि.स. २०७८ को अन्त्य सम्म यस प्रदेशलाई बालविवाह मुक्त प्रदेश बनाउने अभियानलाई साकार पार्न यो रणनीति तयार गरेको हो ।

विभिन्न अनुसन्धानबाट प्राप्त नतिजाहरुबाट बालविवाह हुनुका कारणहरु निम्न रहेका पाईन्छ ।

- विवाहलाई महिला र पुरुपको दाम्पत्य जीवन भन्दा विवाह बन्धनको रुपमा लिने धार्मिक एवं साँस्कृतिक मान्यता ।
- विवाहलाई पुरुष र महिलाको पारिवारिक मिलनसंग जोडी सामाजिक मर्यादालाई बढी महत्व दिने परम्परा ।
- उमेर नपुग्दै हुने विवाहवाट हुनसक्ने हानि र थप समस्याको बारेमा जानकारीको न्यूनता ।
- छोरीलाई दायित्व र भारको रुपमा लिने पितृसतात्मक सोँच ।
- किशोरकिशोरीमा अपरिपक्वता र ज्ञानको अभाव ।
- किशोर किशोरीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमी ।
- वैवाहिक कार्यमा अभिभावकको निर्णयक भूमिका ।
- संचार सामाग्री र सामाजिक संजालको दुरुपयोगबाट किशोरकिशोरीमा पर्न गएको नकारात्मक प्रभाव ।
- बालविवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी ।
- विद्यमान कानूनको कमजोर कार्यावन्यनको अवस्था आदि ।

## ५. रणनीतिको औचित्य :

- बाल विवाहलाई दण्डनीय अपराध भएता पनि यो प्रचलनलाई अझै अन्त्य गर्न सकिएको छैन । नेपालको संविधानमा बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने र महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चिता समेत

गरेको छ । संविधान पछि जारी भएको मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४, ले पनि बालविवाह बालबालिका विरुद्ध हुने हिंसा हो । बालबालिका विरुद्ध हुने हिंसालाई अन्त्य गर्न बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्नुपर्ने भएको छ ।

- नेपालले राष्ट्रिय, अर्न्तराष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पुरा गर्नका लागि पनि बाल विवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।
- बाल विवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुंदा सरकारका सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालबालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरुवीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।
- गाउँपालिकाका ले बालमैत्री गाउँ गाउँपालिका  बनाउने गाउँ सभावाट नीतिगत निर्णय गरेकाले यसलाई मुर्त रुप दिन आवश्यक रहेकोछ ।

## ६. रणनीतिका सिद्धान्तहरुः

- बालबालिकाको सर्वोत्तम हितः बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित हुने गरि गर्नुपर्छ ।
- सबै बालबालिकाको सम्मान र सामाजिक न्यायः  प्रदेशमा सबै जात, धर्म, वर्ण, लिङ्ग, उमेर, क्षेत्र, सम्प्रदायका बालबालिका प्रति सम्मान राखी कार्य गर्नेछ । साथै, जात, धर्म, वर्ण, लिङ्ग, उमेर, क्षेत्र, सम्प्रदाय लगायतका कुनै पनि आधारमा बालबालिका विरुद्ध हुने विभेद अन्त्य गरी प्रत्येक बालबालिकालाई सबै बाल अधिकार भन्ने मान्यतालाई व्यवहारमा लागू गर्न गराउन प्रयत्नशील रहनेछ ।
- बालबालिकाको अर्थपूर्ण सहभागिताः बालबालिकासँग सम्बन्धित विषयमा निर्णय लिँदा, उनीहरुको हक अधिकार सम्वन्धी योजना, नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा बालबालिकाको बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा उनीहरुको सहभागिता सुनिश्चित गर्न जोड दिइनेछ ।
- समता र समावेशीकरणः समतामूलक एवम् समावेशीकरणको सोच, पद्धती, दृष्टिकोण र व्यवहारबाट मात्र बालबालिकाको अधिकार सुनिश्चित गर्न

आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका परिवारका, जोखिम अवस्थामा रहेका, न्यूनतम सुविधाहरु तथा आधारभूत अधिकारबाट बञ्चित भएका, बालविवाह, भेदभाव, दूर्व्यवहार, शोषण तथा हिंसाबाट पिडीत वा त्यस्तो जोखिममा रहेका बालबालिकाका हक अधिकार सुनिश्चित गर्ने र उनीहरुलाई अधिकतम अवसर उपलब्ध गराउन प्रदेश सरकार क्रियाशील हुनेछ ।

- बालबालिकाको हक अधिकारको लागि साझा जिम्मेवारी बहन र उत्तरदायित्वः बालबालिकाको हक अधिकारको प्रवर्द्धन गर्नु सबै वयस्क व्यक्ति तथा व्यवसायिक र सरकारी निकाय, संघसंस्था तथा नीजि क्षेत्रको साझा जिम्मेवारी र उत्तरदायित्व हो । हाम्रा बालबालिकाको अधिकार रक्षा गर्न हामी सक्षम छौं र त्यसको लागि सकारात्मक सोचको विकास गरिनु आवश्यक छ । यसको लागि गाउँपालिकाले 'बालबालिकाको लागि मिलेर काम गरौं' भन्ने अभियानलाई अगाडि बढाउनेछ ।
- बाल अधिकारका लागि समुदाय र स्थानीय तहलाई परिचालनः बालबालिकाको अधिकार प्रवर्द्धनमा बालबालिकाका परिवार, समुदाय तथा उनीहरुका नजिकका औपचारिक तथा अनौपचारिक संरचना एवम् संयन्त्रको क्षमता अभिवृद्धि गरी तिनीहरुलाई परिचालन गर्ने कार्यलाई रणनैतिक रुपमा अगाडि बढाइनेछ ।
- बालमैत्री वातावरणको प्रवर्द्धनः परिवार, विद्यालय, सरकारी कार्यालय, संघसंस्था, सार्वजनिक स्थल, विकासका संरचनाहरु, सञ्चारका माध्यमहरु लगायत सबै क्षेत्रहरुमा भिन्न उमेर, लिङ्ग, अपाङ्गता भएका बालबालिकालाई मैत्रीपूर्ण हुने वातावरण सृजना गर्नको लागि स्थानीय तहले निरन्तर पैरवी गर्नेछ ।
- सहकार्य र साझेदारीमा जोडः स्थानीय तह एक्लैले मात्र कार्य गरेर यो रणनीतिको लक्ष्य एवम् उद्देश्यहरु प्राप्त गर्न असम्भव छ । त्यसैले प्रदेश तथा जिल्ला भित्रका सबै सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरू र निजि क्षेत्रसँगको सहकार्य बढाइनेछ ।

**७. लक्ष्यः**

वि.सं. २०७८ चैत मसान्तसम्म इन्द्रसरोवर गाउँपालिकाकामा बालविवाह न्यूनिककरण गर्ने ।

**८. उद्देश्यहरू :**

८.१. बालविवाह अन्त्यका लागि प्रचार प्रशार, जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

८.२. बालविवाह अन्त्यका लागि उजुरी संयन्त्रको विकास गर्ने ।

८.३. बालविवाह अन्त्यका लागि सरकारी निकायहरु तथा गैर सरकारी संघ संस्थाहरु वीच समन्वय तथा सहकार्य गर्ने ।

८.४. बालविवाह अन्त्यका लागि संचालित कार्यक्रमको प्रभावकारी रुपमा नियमित अनुगमन र मुल्यांकन गर्ने ।

९. रणनीतिः

९.१. बालविवाह अन्त्यका लागि प्रचार प्रशार एवं परम्परागत हानिकारक अभ्यासको खोजबीन गरी तिनका विरूद्ध सचेतना,

९.२. बालिका र किशोरीको सशक्तीकरण,

९.३. बालविवाह विरुद्ध समुदायमा बहस चलाई चेतना अभिवृद्धिमा जोड,

९.४. बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,

९.५. बालक, किशोर तथा पुरूषहरूको सहभागिता अभिवृद्धि गर्ने,

९.६. परिवार र समुदायको परिचालन गर्ने,

९.७. सेवा प्रवाहमा प्रभावकारीता ल्याउने ,

९.८. विद्यमान नीति तथा कानूनको कार्यान्वयन गर्ने, गराउने,

१०.रणनीति कार्यान्वयन गर्न अपनाईने कार्यदिशा :

यस रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहायका कार्यान्वयन कार्यदिशा तय गरिएको छ .

***रणनीति ९.१. बालविवाह अन्त्यका लागि प्रचार प्रशार एवं परम्परागत हानिकारक अभ्यासको खोजबीन गरी तिनका विरूद्ध सचेतना,***

- बालविवाह र दाईजो प्रथा विरूद्ध अभिभावक, धार्मिक अगुवा, नागरिक समाज लगायतलाई बालविवाह र दाईजो प्रथाले पार्ने नकारात्मक असर सम्बन्धमा अभियान सञ्चालन तथा सचेतनामा जोड,
- सामाजिक सास्कृतिक एवं परम्परागत हानीकारक प्रथाका कारण बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने अभ्यासहरू विरूद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने,
- बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरूद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरूहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

***रणनीति ९.२. बालिका र किशोरीको सशक्तीकरण:***

- अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने,
- दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब तथा सञ्चार माध्यम मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुंच बढाउने,
- स्थानीय तहमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने,
- बालविवाह विरूद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने ।
- जीवन उपयोगी शिक्षा कार्यक्रम सञ्चालन गर्ने (प्रत्येक विद्यालय तथा समुदायमा)

***रणनीति ९.३. बालविवाह विरुद्ध समुदायमा बहस चलाई चेतना अभिवृद्धिमा जोड:***

- वडा भित्र बालविवाह र दाईजो प्रथा अन्त्य सम्बन्धी विभिन्न सचेतनामुलक कार्यक्रम आयोजना गर्ने,
- बालविवाह र दाईजो प्रथाले पार्ने नकारात्मक असर सम्वन्धी विभिन्न ब्रोसर, पम्प्लेट क्ष्ञ्क्ष् :बतभचष्बप्रिकाशन गर्ने,
- स्थानीय तहमा भएका संचारका विद्युतिय  माध्यमबाट बालविवाह र दाईजो प्रथा विरूद्ध सूचना संप्रेशण गर्ने,
- स्थानीय तहमा संचालन हुने सबै कार्यक्रममा बालविवाह र दाईजो प्रथा अन्त्य सम्वन्धी विषय समसामयिक सवाल (Cross Cutting Issue) को रूपमा लिने ।
- बाल विवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरूद्धमा पुरूष तथा बालकहरूमा कानूनी सचेतना अभिबृद्धि गर्ने ।
- टोल विकास संस्थाहरुको क्षमता विकास गरी बालविवाह विरुद्ध परिचालन गर्ने ।

***रणनीति ९.४. बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने:***

- स्थानीय तहको पाठ्यक्रममा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा मा जोड दिने ।
- विद्यालय बाहिरकालविवाहित र अविवाहित तथा अवसर विहीन बालिकाहरू र उनीहरूका परिवारलाई विभिन्न सुविधाहरू (माध्यमिक तहको शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने,
- विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने,
- भविष्यमा जीवनवृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने,
- विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने,

- विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरूद्ध जनचेतनामूलक अभियान संचालन गर्ने,
- छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिक मैत्री भएको सुनिश्चित गर्ने,
- बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरू पहिचान गरि विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।
- विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने,
- विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education) र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने,
- विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने,
- बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना तथा सेवावारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थाहरु परिचालन गर्ने,
- बिद्यालयमा गुनासो पेटिकाको ब्यवस्था गरी बालबालिकाका गुनासोहरूको सुनुवाई गर्ने प्रणालीको व्यवस्थित गर्ने ।

**रणनीति ९.५. बालक, किशोर तथा पुरूषहरूको सहभागिता अभिवृद्धि गर्ने :**

- बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिबृद्धि गरी बालविवाह , लैङ्गिक बिभेद र पितृसतात्मक सोच अन्त्य गर्ने कार्यमा पुरूष तथा बालकको सहभागिताको सुनिश्चितता गर्ने,

- बालबालिकालाई शिक्षाको माध्यमबाट आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने,
- बालविवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाहमा सहभागी हुने, प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्य गर्नेलाई प्रचलित कानूनअनुरुप दण्डसजाय गरी त्यसलाई निरूत्साहन गर्ने तथा सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने,
- बाल विवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरूद्धमा पुरूष तथा बालकहरूमा कानुनी सचेतना अभिबृद्धि गर्नुका साथै लैङ्गिक हिंसा गर्ने र दाइजो लिने दिनेलाई दण्डको व्यवस्था गर्ने ।

***रणनीति ९.६. परिवार र समुदायको परिचालन गर्ने:***

- समुदायमा रहेका अभिभावक समूह, बालक्लव तथा सञ्जाल, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह बिरूद्धको अभियान सञ्चालन गर्ने,
- सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको लागि अभिभावक शिक्षा-संबाद प्याकेज बनाई सोको आधारमा परिवार तथा समुदायमा सत्र सञ्चालन गर्ने, गराउने । अन्तरपुस्ता संवादको माध्यमवाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने,
- सामाजिक संजालहरूमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाक्रीको सहभागिता सुनिश्चित गरी बालविवाह विरूद्धमा परिचालन गर्ने,
- छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरूत्साहन गर्ने अभियान सञ्चालन गर्ने,
- गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रर्वधन र क्षमतामा अभिवृद्धि गर्ने,

- बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न संचार माध्यम र सञ्जाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

**रणनीति ९.७. सेवा प्रवाहमा प्रभावकारीता ल्याउने :**

- बाल विवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने,
- किशोरकिशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनरोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचार सम्वन्धी सेवामा विवाहित तथा बालविवाह को जोखिममा रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्ने,
- बाल विवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानुनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने,
- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने,
- पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार  गर्न बालिकालाई जीवनोपयोगी सीप, आय आर्जन सम्बन्धी ज्ञानसीप र निःशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने,
- बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने,

- स्थानीय स्तरमा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संस्थाहरूका कार्यक्रमहरूमा बालविवाह विरूद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने,
- स्थानीय निकायमा बालविवाह सम्वन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने,
- विवाह भैसकेका बालिकालाई आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रर्वद्धन तथा विस्तार गर्ने,
- वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानूनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

***रणनीति ९.८. विद्यमान नीति तथा कानूनको कार्यान्वयन गर्ने, गराउने :***

- बालविवाह र दाईजो प्रथा विरुद्ध गाउँपालिका को नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- बालिका र महिलाको सशक्तिकरणको लागि महिला विरूद्धका स्थानिय स्तरमा नीति तथा कार्यविधी तयार गर्ने विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजाय तथा बालविवाह विरूद्ध उपलव्ध हुने कानूनी संरक्षणको व्यवस्था गर्न, गराउन संलग्न दोषीलाई प्रचलित कानून अनुरुप कारबाही गर्ने, गराउने र तत्सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने,
- वडाहरुलाई क्रमिक रुपमा बालविवाह मुक्त वडा घोषणा गर्ने
- बालविवाह विरुद्ध कानूनी उपचार लिन चाहने बालबालिकाले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरू पहिचान गरी संरक्षणको उचित व्यवस्था गर्ने ।

## ११. **बालविवाह तथा दाइजो प्रथा न्यूनिकरण**का **लागि सरोकारवालाहरुको भूमिका**

**संघीय सरकार**

- संघीय सरकारले बालविवाह तथा दाईजो प्रथा विरुद्धका विद्यमान ऐनका प्रावधानहरू कार्यान्वयन गर्न श्रोतको समेत सुनिश्चितता गर्ने ।

**प्रदेश सरकार**

- बालविवाह र दाईजो प्रथा अन्त्यका लागी आवश्यकता अनुसार नीति, नियम र निर्देशिका तयार गर्ने ।
- वि.सं. २०७८ सम्म बालविवाह विरूद्ध सचेतना अभिबृद्धि गर्न र कानूनी कारवाही सम्वन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा स्थानीय तहमा लैजाने ।
- छात्रा शिक्षामा प्राथमिकता दिई माध्यमिक तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य गराउने,
- प्रत्येक स्थानीय तहमा बालविवाह र दाईजो प्रथा  विरूद्ध कार्यक्रम सञ्चालन गर्न प्रदेशले आर्थिक  तथा प्राविधिक सहयोग उपलव्ध गराउने,
- स्थानीय तहलाई बालविवाह र दाईजो प्रथा विरूद्ध बजेटको व्यवस्थापन गर्न प्रोत्साहन गर्ने र सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सहजिकरण गर्ने,
- बालविवाह र दाईजो प्रथा अन्त गर्नका लागि स्थानीय तहले नेतृत्वदायि भूमिका खेल्नका  लागि प्रतिवद्धता लिने दिने ।
- स्थानीय तहमा बालविवाह र दाईजो प्रथा अन्त्य सम्बन्धी नीति नियम बनाई कार्यान्वयनमा ल्याउने सघाउने ।
- बालविवाह मुक्त भएको स्थानीय तहको घोषणा गर्ने स्थानीय तहलाई प्रदेशबाट सम्मान र पुरस्कारको व्यवस्था गर्ने ।

**स्थानीय तह**

- स्थानीय तहमा बालविवाह र दाईजो प्रथा अन्त्य सम्बन्धी नीति नियम बनाई कार्यान्वयनमा ल्याउने,
- बालविवाह र दाईजो प्रथा अन्त्य सम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राखि आवश्यक बजेटको व्यवस्था गर्ने,
- किशोर किशोरीलाई जीवन उपयोगी सीप सम्बन्धी सचेतनामूलक कार्यक्रम आयोजना गर्ने,

- सबै जनप्रतिनिधि र सरोकारवालाहरूलाई बालविवाह र दाईजो प्रथा विरूद्ध लाग्न अनुरोध गर्ने ।
- स्थानीय तहबाट सञ्चालन हुने विभिन्न सचेतनामूलक कार्यक्रममा बालविवाह तथा दाईजो प्रथाले पर्ने असरका बारेमा छलफल चलाउने,
- धार्मिक संस्थाहरूलाई बालविवाह निषेधित क्षेत्र घोषण गरी होडिङ्गवोड राख्ने,
- सबै सरोकारवालाहरूलाई बालविवाह र दाइजो प्रथा विरूद्ध प्रतिवद्ध लिने ।

**अभिभावक**

- आफ्ना बालबालिकालाई माया र सम्मानपूर्ण वातावरणमा हुर्काउने,
- बालबालिकाको शिक्षामा पूर्ण रूपमा सहयोग गर्ने,
- बालबालिकालाई नैतिकवान हुन उत्प्रेरणा प्रदान गर्ने,
- विद्यालयमा आफ्ना बालबालिकाको बारेमा नियमित जानकारी लिने,
- असल नागरिक बन्न प्रेरित गर्ने,
- छोरा/छोरीको विवाह बीस वर्ष पारी गर्ने र अरूलाई पनि बीस बर्ष पुगीसकेपछि मात्र छोराछोरीको विवाह गर्न प्रेरित गर्ने ।

**बालबालिका, बालक्लव तथा बाल संजाल**

- अभिभावकलाई बालविवाह अन्त्य र दाईजो प्रथा विरूद्धका कार्यक्रममा सहभागिता गराउने ,
- बालविवाह तथा दाईजो प्रथा विरूद्ध सडक नाटक, र्याली, गोष्ठि, बक्तृत्वकला, बादविवाद जस्ता कार्यक्रम सञ्चालान गर्ने,
- बालक्लव, सञ्जाल तथा साथीहरू विच बालविवाह र दाइजो प्रथा अन्त्य सम्बन्धका छलफल चलाउने,
- विद्यालय तथा समूदायमा बालविवाह र दाइजो प्रथाले पार्ने नकारात्मक असर बारेमा जनचेतनामूलक अभियान चलाउने,
- बालविवाह हुन लागेको थाह पाएमा सम्बन्धित निकायमा खवर गर्ने,
- आफू पनि बालविवाह नगर्ने र अरूको पनि बालविवाह हुन नदिने ।

**विभिन्न समूदायमा आधारित संस्थाहरू तथा गैर सरकारी संस्थाहरू**

- बालविवाह र दाइजो प्रथा अन्त्यका लागि सचेतनामूलक कार्यक्रमको आयोजना गर्ने,
- बालविवाह रोक्नको लागि स्थानीय तह र प्रहरीमा जानकारी गराउने, र त्यस्तो अभियानमा सघाउने,
- बालविवाह र दाइजो प्रथाको नकारात्मक असरका बारेमा बालक्लव र समुदायलाई जागरूक बनाउने,
- बालविवाह न्यूनिकरणका लागि सरोकारवाला निकायमा समन्वयन गर्ने ।

**कर्मचारी/शिक्षक**

- बालविवाह र दाइजो प्रथा विरूद्धका अतिरिक्त कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने र कार्यक्रममा सहयोग गर्ने,
- बालविवाह र दाइजो प्रथाले बालबालिकामा पार्ने असरका बारेमा जानकारी गराउने,
- बाल विवाहमा सरिक नहुने र अरूलाई पनि बाल विवाहमा सरिक नहुन अनुरोध गर्ने,
- बालविवाह भएको जानकारी पाएमा कानूनी कारवाहीको दायरामा ल्याउन पहल गर्ने र सम्वन्धीत निकायमा सूचना दिने ।
- जीवन उपयोगी शिक्षा कक्षा सञ्चालन गर्ने,

**नागरिक समाज**

- बाल विवाहमा सहभागी नहुने र अरुरूलाई पनि सहभागी नहुन अनुरोध गर्ने,
- समुदायमा बालविवाह हुने नदिने,
- बालविवाह गराउने परिवारको सदस्यलाई संस्थागत सहभागीता नगराउने,
- बालविवाह हुन लागेमा नजिकैको प्रहरीलाई खवर गर्ने ।

**आमा समूह, बाल संरक्षण समिति/ सञ्जाल**

- घर परिवार, आमा समूहका प्रत्येक सदस्यलाई बालविवाह र दाईजो प्रथाले ल्याउने बेफाईदा बारेमा जानकारी दिदै चेतना अभिबृद्धि गर्ने,
- बालमैत्री स्थानीय शासन र यसका सूचकका बारेमा चेतना अभिबृद्धि गर्ने,
- परम्परादेखि आएका सामाजिक मूल्य र मान्यताका साथै संस्कारलाई प्रत्येक अभिभावक, आमा समूह, बाल सञ्जालहरूको सहकार्यमा विहेवारी २० वर्ष पारी भनी टोल टोलमा सचेतना कार्यक्रम गर्ने मातृस्वास्थ्य र शिशुको स्वास्थ्य सम्वन्धी सचेतनामुलक कार्यक्रम गर्ने ।

**धार्मिक प्रचारक अगुवाहरू पुरोहित**

- विवाहको विषयमा छलफल गर्न आउदा अभिभावकसँग विवाह गर्ने व्यक्तिको उमेर सोधे र बालविवाह हो भने सो नगर्न अनुरोध गर्ने, र नमानेमा स्थानीय तह, प्रहरी, विद्यालय तथा संरचनामा सूचना दिने,
- बालविवाह हुने कुनै पनि धार्मिक तथा सांस्कृतिक कार्यक्रममा आँफू सहभागी नहुने,
- धार्मिक स्थललाई बालविवाह मुक्त स्थान घोषणा गर्ने,
- धार्मिक जमघट, प्रवचन तथा भेलाहरूमा बालविवाह नगर्न, नगराउन सचेत बनाउने ।

**प्रहरी/प्रशासन**

- कानूनको पालन गरी कानूनी दायरामा ल्याउने,
- सामुदायिक प्रहरी सेवा समूह गठन गरी जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,
- बालविवाह भएको जानकारी आएमा कानूनी कारवाही अगाडि बढाउने ।

**युवा समूह/किशोर किशोरी समूह**

- जीवन उपयोगी शिक्षाको छलफलमा सहभागी हुने ,
- साथीहरूलाई पनि प्रोत्साहित गर्ने र छलफलमा सिकेका कुरा दौंतरी तथा परिवारसँग पुन छलफल गर्ने,
- बालविवाह आफू पनि नगर्ने र अरूलाई पनि नगर्न प्रोत्साहन गर्ने,

- बालविवाह अन्त्यका लागि क्रियाशिल रहने ।

**विद्यालय, स्वास्थ्य संस्था तथा सेवा प्रदायक संस्थाहरू ( वन, सहकारी, खानेपानी आदि)**

- अतिरिक्त क्रियाकलापमा बालविवाह र दाइजो प्रथाको नकारात्मक असर सम्वन्धी विषय समावेश गर्ने,
- बालविवाह र दाइजो प्रथाको नकारात्मक असरका बारेमा सचेतना अभिबृद्धि गराउने खालका कार्यक्रम आयोजना गर्ने,
- बालविवाह हुन  लागेको थाह पाएमा रोक्ने र नजिकैको प्रहरी कार्यालयमा खवर गर्ने ।

**संञ्चार माध्यम**

- बालविवाह र दाइजो प्रथा विरुरूद्धका भएका कार्यक्रमको समाचार लेख्न र प्रचारप्रसारमा प्राथमिकता दिने,
- सञ्चार माध्यमबाट बालविवाह तथा दाइजो प्रथा विरूद्ध सरकारी निकायसँग सहकार्य गरी IEC Material तयार गरि प्रशारण गर्ने,
- बालविवाह र दाइजो प्रथा विरूद्धको कानूनी प्रावधान सम्वन्धमा अन्तर्वाता, लेख प्रकाशन गर्ने ।

**राजनैतिक दल**

- बालबालिका तथा दाइजो प्रथा न्यूनीकरणका लागि बालबालिका सम्वन्धी ऐन, २०७५ र अन्य विद्यमान कानून कार्यान्वयनका लागि सहयोग गर्ने,
- बालविवाह तथा दाईजो प्रथा न्यूनीकरणका लागि आफ्ना सदस्यलाई जनचेतना तथा कानूनी प्रावधानको जानकारी दिने,

## १२. कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

बालविवाह अन्त्य सम्वन्धी रणनीतिलाई  कार्यान्वयनका लागि गाँउगाउँपालिका ले  नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भने कार्यान्वयनको लागि गाउँपालिका  स्तरमा कार्ययोजना तयार गरिनेछ । यस रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी,स्थानीयस्तरका विकासका

साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि देहाय अनुसारको गाउँपालिकाका  तथा वडा गाउँपालिका स्तरको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

### १२.१ गाउँपालिका  स्तरीय कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समिति

(क) गाँउपालिकाको उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक -सदस्य

(घ) गाउँ सभा सदस्य मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य १ जना -सदस्य

(ङ) माध्यमिक विद्यालका प्रधानध्यापकहरु मध्येबाट समितिले मनोनित गरेको व्यक्ति - सदस्य

(च) प्रहरी कार्यालयको प्रमुख .-सदस्य

(छ) अध्यक्ष, गाँउपालिका स्तरीय बालसञ्जाल -सदस्य

(ज)स्थानीय स्तरमा बालसंरक्षणमा कार्यरत गैरसरकारी सघसंस्थाहरु मध्यबाट समितिले मनोनित गरेको व्यक्ति -सदस्य

(झ) गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको एक जना प्रतिनिधि -सदस्य

(ञ) न्यायिक सहजकर्ता -सदस्य

(ट) महिला बालबालिका शाखा प्रमुख - सदस्य -सचिव

### १२.२. वडा स्तरीय कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समिति

क) वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिले तोकेको शिक्षक प्रतिनिधी -सदस्य

(ग) स्वास्थ्य स्वयंसेविका -सदस्य

(घ) प्रतिनिधी वडा महिला सदस्य -सदस्य

(ङ) वडा बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति प्रतिनिधि -सदस्य

(च) अध्यक्ष, वडा बालक्लव -सदस्य

(छ) वडा सचिव -सदस्य सचिव

## १३. गाउँपालिका तथा वडा स्तरको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिको काम कर्तव्य र अधिकार :

(क) यस रणनीतिमा रहेका नीति तथा कार्यदिशालाई गाउँपालिका को वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्न सम्बन्धित निकायमा पेश गर्ने ।

(ख) बालबालिका सम्वन्धि कार्यक्रमलाई सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(ग) बालविवाह अन्त्य सम्वन्धी रणनीचि कार्यान्वयनका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित गाउँपालिका मा प्रतिवेदन पेश गर्ने ।

(घ)समितिको वैठक कम्तिमा २ महिनामा एक पटक वस्नेछ साथै समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

## १४. उजुरी व्यवस्थापन समिति:

इन्द्रसरोवर गाउँपालिकामा बालविवाह अन्त्य सम्वन्धी सवालमा परेको उजुरी व्यवस्थापनका लागी तपसिल बमोजिमको उजुरी व्यवस्थापन समिति रहनेछ ।

### १४.१. गाउँपालिका स्तरीय उजुरी व्यवस्थापना समिति :

न्यायिक समितिको संयोजक -संयोजक

सामाजिक विकास समितिको संयोजक -सदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

शिक्षा शाखा प्रमुख -सदस्य

स्वास्थ्य शाखा प्रखुम -सदस्य

प्रहरी कार्यालयको प्रमुख -सदस्य

गाउँपालिका स्तरीय बालक्लवको अध्यक्ष -सदस्य

न्यायिक सहजकर्ता -सदस्य

महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव

गाउँपालिका स्तरमा परेका उजुरीको सुन्ने अधिकारी महिला तथा बालबालिका शाखा प्रमुख तोकिएको छ। निजले उजुरीको गाम्भिर्यतालाई हेरेर आवश्यक प्रकृया अगाडि बढाउनु पर्ने छ भने गाउँपालिका स्तरीय उजुरी व्यवस्थापना समिति काम, कर्तव्य र अधिकार गाउँपालिका को निर्णयले निर्धारण गरे बमोजिम हुनेछ।

नोटः वडा स्तरको उजुरी सुन्ने अधिकारी वडा सचिव रहने छ वडा भित्रको बाल बालविवाह सम्वन्धमा उजुरीको आवश्यक कानुनी प्रक्रियामा सहजिरकण तथा व्यवस्थापनको जिम्वेवारी वडा स्तरीय कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समितिको हुनेछ।

### १४.२. विद्यालय उजुरी व्यवस्थापन समिति

विद्यालय व्यवस्थापन समितिले अध्यक्ष -संयोजक

शिक्षक अभिभावक संघको अध्यक्ष -सदस्य

सम्वन्धित विद्यालयको प्रध्यानध्यापक -सदस्य

बालक्लव प्रतिनिधी -सदस्य

बालक्लव शिक्षक प्रतिनिधी (संभव भए सम्म महिला शिक्षक)-सदस्य सचिव

बालक्लव शिक्षक प्रतिनिधी (सम्भव भए सम्म महिला शिक्षक) उजुरी सुन्ने अधिकारी भई काम गर्नु पर्नेछ। निजले उजुरीको गाम्भिर्यतालाई हेरेर आवश्यक प्रकृया अगाडि बढाउनु पर्नेछ भने विद्यालय स्तरीय उजुरी व्यवस्थापन समिति काम, कर्तव्य र अधिकार गाउँपालिका को निर्णयले निर्धारण गरे बमोजिम हुनेछ।

## १५. नीतिको प्रचार प्रसार तथा कार्यान्वयन :

इन्द्रसरोवर गाउँपालिका ले बालविवाह अन्त्य सम्वन्धी रणनीतिलाई पारित गरे पश्चात गाउँपालिका का प्रत्येक वडाहरु, समुदाय र घरघरसम्म यसका बारेमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिने छ। त्यस्तै संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम् स्थानीय गैससबाट

सञ्चालन गरिने कार्यक्रम बीच समन्वय गरी रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिने छ । आवश्यकता अनुसार बालसंरक्षण सम्बन्धी विषयवस्तुमा ध्यान दिनको लागि गाउँपालिका को महिला तथा बालबालिका हेर्ने महाशाखा प्रमुखलाई जिम्वेवारी तोकी रणनीतिको कार्यान्वयनमा जोड दिइनेछ । गाउँपालिका का प्रत्येक वडाहरुका कार्यक्रममा बालविवाह अन्त्य सम्बन्धी गतिविधिहरु थप्न र विस्तार गर्नका लागि सहजीकरण गरिने छ । गाउँपालिका भित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकाय वा संस्थाहरुबीच कार्यगत क्षमता अभिबृद्धि गर्नको लागि सञ्जाल विकास गरिनेछ ।

आज्ञाले
बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत
इन्द्रसरोवर गाउँपालिका मकवानपुरको
बालविवाह न्यूनिकरण सम्बन्धी रणनीति,
२०७८

मुल्य रु. १०